हरिनगर गाउँपालिका

स्थानीय राजपत्र

**खण्डः** ६ **संख्याः** ४ **मितिः** २०८०/०४/०१

**भाग-१**

**हरिनगर गाउँपालिका**


## हरिनगर गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०

**गाउँसभाबाट स्वीकृत मितिः** २०८०/०३/२८ गते
**प्रमाणीकरण मितिः** २०८०/०४/०१ गते

**प्रस्तावना:** हरिनगर गाउँपालिका कार्यक्षेत्र रारवी स्थापना भएका वा स्थापना गर्न चाहने सामाजिक, धार्मिक, साँस्कृतिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाको स्थापना, दर्ता, नवीकरण र खारेज गर्ने तथा दर्ता भएका संस्थाको नियमन गर्दै दर्ता भएका संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउँदै गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन पारित गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"हरिनगर गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) **"गाउँ सभा"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ख) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, साँस्कृतिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, मण्डल, परिषद्, सामुदायिक संस्था, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले हरिनगर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) **"उपाध्यक्ष"** भन्नाले हरिनगर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले हरिनगर गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ङ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले हरिनगर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) **“गाउँपालिका”** भन्नाले हरिनगर गाउँपालिकालाई सम्झनुपर्छ ।

(छ) **“प्रवन्ध समिति”** भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समितिलाई सम्झनुपर्छ ।

**३.** <u>दर्ता नगरी संस्था खोल्न नहुने:</u> यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न हुदैन ।

**४.** **<u>संस्थाको दर्ता:</u> (१)** यस ऐन बमोजिम संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको दुई प्रति विधान र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष सहित निवेदन दिनुपर्नेछः–

(क) संस्थाको नाम

(ख) उद्देश्यहरु

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) आर्थिक श्रोत

(ङ) कार्यालयको ठेगाना

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस

**(२)** उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ ।

**(३)** प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर गाउँ कार्यपालिका समक्ष उजूर गर्न सकिनेछ ।

**(४)** उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि गाउँ कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

**(५)** यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता, नवीकरण र दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५.** <u>संगठित संस्था मानिने:</u> (१) यस नियमावली अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । यो कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६.** <u>संस्थाको सम्पत्ति:</u> (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित निकायमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

७. <u>अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नुपर्ने:</u> (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्रमा यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. <u>संस्था गाभ्ने वा उद्देश्यमा हेरफेर:</u> (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई अर्को कुनै संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव असाधारण सभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. <u>हिसावको विवरण पठाउनु पर्ने:</u> गाउँपालिकामा दर्ता भएका प्रत्येक संस्थाले हिसावको विवरण लेखा परीक्षण प्रतिवेदनसहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

१०. <u>हिसाव जाँच गर्न सक्ने:</u> (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हिसाव जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रतलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर,

अन्य प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन ।

११. <u>संस्थाको विघटन र त्यस्को परिणाम:</u> (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपनियम (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

१२. <u>दण्ड सजाय:</u> (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही एक हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

तर

कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. **<u>निर्देशन दिने:</u>** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१४. **<u>नियम कार्यविधि बनाउने अधिकार:</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

१५. **<u>अन्य नेपाल ऐन कानून बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने:</u>** यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नुपर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा सञ्चालन गर्नुपर्नेछ ।

१६. **<u>खारेजी र बचाउ:</u>** (१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित सङ्घीय र प्रदेश कानूनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,<br>
नामः तुलराज थापा मगर<br>
प्रमुख प्रशासकीय अधिकृत